# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०४।०४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०४।०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

## देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी अनन्तराज सत्याल समेत ६४ जना प्रतिवादीहरु भएको मुद्दा नं. ०७४-CR-०१६७), फैसला मितिः २०७९/०९/०८ | सरकारी, सार्वजनिक जग्गा गैरकानुनी रुपमा व्यक्ति विशेषको नाममा कायम गरी भ्रष्टाचार गरेको। | प्रतिवादी कुशध्वज खत्री उपर बिगो रु. ५,२५,४०,१५९.६६, प्रतिवादी रविन्द्रनाथ ठाकुर उपर बिगो रु. ४,९२,४५,५४२.४८, प्रतिवादी दिपक कुमार सापकोटा उपर बिगो रु.२,०९,७५,२३०.४८, प्रतिवादी रामकृष्ण खत्री उपर बिगो रु. १,४८,८६,५५८.६०, प्रतिवादी नेत्रराज जोशी उपर बिगो रु. ९०,१७,२६५.६३, प्रतिवादी डिल्लीराम लावती उपर बिगो रु. ९८,१७,५९३.७५, प्रतिवादी विश्वकुमार बस्नेत उपर बिगो रु. ५,०५,६१,७७३.४४, प्रतिवादी यज्ञप्रसाद हुमागाईं उपर बिगो रु. २,१३,५२,१६४.०६, प्रतिवादी गोविन्दप्रसाद सापकोटा उपर बिगो रु. १४,८७,०७०.३१, प्रतिवादी जयबहादुर खड्का उपर बिगो रु. १२,९८,१३६.७१, प्रतिवादी मुकुन्दराज पाण्डे उपर बिगो रु. १,०२,६६,५५८.६०, प्रतिवादी युवराज भट्टराई उपर बिगो रु. १,०२,६६,५५८.६०, प्रतिवादी अनन्तराज सत्याल उपर बिगो रु. १,४२,५०,०००.००, प्रतिवादी देवराज शर्मा उपर बिगो रु. १,८५,६६,०८५.९४, प्रतिवादी दिलिपकुमार अधिकारी उपर बिगो रु. ८४,७०,३१२.५०, प्रतिवादी परशुराम अधिकारी उपर बिगो रु. १,८५,६६,०८५.९४, प्रतिवादी अच्युतप्रसाद हुमागाईं उपर बिगो रु. १२,६२,१९५.३१, प्रतिवादी रामकेशर कार्की उपर बिगो रु. ८४,७०,३१२.५०, प्रतिवादी कृष्णप्रसाद सापकोटा उपर बिगो रु. ७४,६७१.८८, प्रतिवादी माधव कुईकेल उपर बिगो रु. ७४,६७१.८८, प्रतिवादी पुष्कर निरौला उपर बिगो रु. १,००,९२,७७३.४४, प्रतिवादी भीमप्रसाद श्रेष्ठ उपर बिगो रु. ४,४२,१९,७७३.४४, प्रतिवादी बालगोपाल | फैसलाः<br>प्रतिवादीहरुलाई आंशिक ठहर तथा सफाई।<br>विशेष अदालतले आंशिक ठहर गर्दा तथा सफाई दिँदा लिएका आधारहरुः<br>**१. छुट जग्गा दर्ताको सम्बन्धमाः**<br>• जग्गाधनी प्रतिवादीहरुले मौकामा र अदालतमा साविक लगत, तिरो तिरेको रसिद समेतका आधारमा छुट जग्गा दर्ता गरेको भनी जिकिर लिई कसुरमा इन्कार रही बयान गरिदिएको देखिएको।<br>• जग्गाधनी प्रतिवादीहरुले मालपोत कार्यालयका कर्मचारीहरुलाई मोलाहिजामा पारी निजहरुसँगको मिलोमतोमा नै छुट जग्गा दर्ता गरेको भनी पोल गरी बयान समेत गरेको नदेखिएको।<br>• राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरुले कानुनसम्मत तरिकाले कानुन प्रदत्त अधिकार प्रयोग गरी कानुनी प्रक्रिया पुर्‍याई दर्ता गरिएको हुँदा बदनियतपूर्वक दर्ता गरिएको होइन भनी कसुरमा इन्कार रही बयान गरिदिएको देखिएको।<br>• हकभोगको प्रमाण वेगर नै मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१), (२) वा (३) को गलत प्रयोग गरी व्यक्ति विशेषको नाममा जग्गा दर्ता गरेको; मालपोत नियमावली, २०३६ को नियम ४ वा ४क. को पालना नगरी स्पष्टतः कार्यविधिगत त्रुटि (Procedural error) गरी निर्णय गरेको; मिसिल प्रमाणबाट समर्थन नहुने अवस्था देखिँदा देखिँदै पनि व्यक्ति विशेषको नाममा जग्गा दर्ता गरेको अर्थात प्रमाण वेगर वा प्रमाणको मूल्याङ्कनमा स्पष्ट र गम्भीर त्रुटि रहेको र निर्णयमा गम्भीर | ❖ मालपोत ऐन, २०३४; मालपोत नियमावली, २०३६; जग्गा नापजाँच ऐन, २०१९; जग्गा नापजाँच नियमावली, २०५८; जग्गा प्रशासन निर्देशिका, २०५८; नापी शाखा एवं नापी गोश्वाराको कार्यविधि, २०६० समेतले छुट जग्गा दर्ता सम्बन्धी कानुनी, कार्यविधिगत एवं प्रक्रियागत प्रावधानहरु निर्दिष्ट गरेको पाइन्छ। प्रस्तुत मुद्दामा यिनै प्रावधानहरु विपरीत मालपोत कार्यालय लगायत कार्यालयका राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरु, जग्गाधनी प्रतिवादीहरु समेतको मिलोमतो तथा गठमेलबाट खोला जनिई नापनक्सा भएको नेपाल सरकारको नाममा श्रेस्ता कायम भएको; बुटेन जनिई नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम भएको जग्गा कित्ताकाट गरी गराई; जग्गाधनी प्रतिवादीहरुको लगत प्रमाण नभिड्ने साविकदेखि नै सामुदायिक वन गठन भई वन क्षेत्रकै रुपमा प्रयोग भइरहेका जग्गाहरु; साविक नापीमा जंगल जनिई फिल्डबुक कायम भई नेपाल सरकारको नाममा दर्ता भएको जग्गाबाट कित्ताकाट गरेर तथा नापनक्सा नै नभएको नक्सा सिटको फ्रेम बाहिरको जंगल जनिएको जग्गा समेतमा नयाँ कित्ता कायम गरी गराई; साविक नापीमा जंगल जनिई नापनक्सा भई नेपाल सरकारको नाममा दर्ता भएको भिर पर्ती जनिएको जग्गा कित्ताकाट गरी गराई प्रतिवादीहरुले बदनियतपूर्वक छुट जग्गा दर्ताको नाममा सरकारी/सार्वजनिक जग्गाहरु जग्गाधनी प्रतिवादीहरुको नाममा कायम गरी गराई गैरकानुनी फाइदा तथा लाभ पुर्‍याई नेपाल सरकारलाई गैरकानुनी हानि नोक्सानी पुर्‍याएको देखिन्छ। यसरी, कानुन र प्रमाणको समुचित विश्लेषण नगरी सरकारी/सार्वजनिक जग्गाहरु व्यक्तिको नाममा दर्ता गरेको जस्तो गम्भीर विषयमा समेत प्रतिवादीहरुले इन्कारी बयान गरेको तथा प्रतिवादीहरुले एक-अर्कालाई पोल बयान नगरेको आधारहरु लिई प्रतिवादीहरुलाई सफाई हुने ठहरी भएको फैसला त्रुटिपूर्ण छ।<br>❖ **छुट जग्गा दर्ताको सम्बन्धमाः**<br>• **गोगनपानी ६/ङ, कि.नं. ६० र ६१ तथा कि.नं. १२७ र १२८ को हकमाः** साविकमा महेश खोला भनी नापीको समयमा नै नापनक्सा भएको नेपाल सरकारको नाममा श्रेस्ता कायम रहेको कि.नं. ४९ को जग्गा मिति २०४१/१२/२५ मा नै कित्ताकाट भई कि.नं. ६०, ६१ र ६२ कायम भएकोमा कि.नं. ६० मा क्षे.फ. ५-९-१-१ र कि.नं. ६१ मा क्षे.फ. २३-३-३-० का जग्गा जग्गाधनी प्रतिवादी विष्णुप्रसाद रेग्मीको नाममा दर्ता भएको र कि.नं. ६२ बाँकी रहेको प्लट रजिष्टरबाट देखिन्छ। कि.नं. ४९ नेपाल सरकारको नाममा २०५० सालमा दर्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अधिकारी उपर बिगो रु. १,९८,००,०००.००, प्रतिवादी कुलप्रसाद दाहाल उपर बिगो रु. २०,१२,५००.००, प्रतिवादी विजयकुमार वर्मा कट्टेल उपर बिगो रु. २०,१२,५००.००, प्रतिवादी रामप्रसाद अधिकारी उपर बिगो रु. २,२०,१२,५००.००, प्रतिवादी मोहनजंग थापा उपर बिगो रु. २,२०,१२,५००.००, प्रतिवादी शम्भुनारायण राजभण्डारी उपर बिगो रु. २,२१,२४,०००.००, प्रतिवादी सत्यनारायण नेपाल उपर बिगो रु. २,००,००,०००.०० र प्रतिवादी नन्दुबहादुर खड्का उपर बिगो रु.२,००,००,०००.०० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१), सोही ऐनको दफा ८(१)(ज) एवम् सोही ऐनको दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ८(१), सोही ऐनको दफा ९ र दफा ११ बमोजिम सजाय गरी पाउन आरोप मागदावी रहेको देखिन्छ।<br>प्रतिवादी रेवतीप्रसाद ढकाल उपर बिगो रु. १२,१५,६३६.७१, प्रतिवादी भरतसिंह ऐर उपर बिगो रु. १२,१५,६३६.७१, प्रतिवादी बाबुराम अर्याल उपर बिगो रु. १,३९,७६५.६३, प्रतिवादी ओमकुमार बस्नेत उपर बिगो रु. १२,६२,१९५.३१, प्रतिवादी भरतराज अधिकारी उपर बिगो रु. १,००,९२,७७३.४४, प्रतिवादी दिवाकर पाठक उपर बिगो रु. ६५,०९३.७५ र प्रतिवादी भरत तामाङ्ग उपर बिगो रु. १२,६२,१९५.३१ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१), सोही ऐनको दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम सजाय गरी पाउन आरोप मागदावी रहेको देखिन्छ।<br>प्रतिवादी गुणनाथ नेपाल उपर बिगो रु. ४२,१७,०३१.२५, प्रतिवादी पशुपतिनाथ दुवाडी उपर बिगो रु. ५६,००,५६२.५०, प्रतिवादी | विचलनको अवस्था नदेखिएको।<br>• मालपोत कार्यालयबाट मालपोत नियमावली, २०३६ को नियम ५(क) बमोजिम आवश्यक प्रमाण बुझी जग्गा दर्ता समितिको सिफारिसमा मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम जग्गा दर्ता गरिएको अवस्था देखिएको।<br>• **गोगनपानी ६/ङ, कि.नं. ६० र ६१ को हकमा,** जग्गाधनी प्रतिवादी विष्णुप्रसाद रेग्मीको नाममा छुट जग्गा दर्ता गर्दा कि.नं. ४९ को नेपाल सरकारको नाममा श्रेस्ता कायम भएको जग्गाबाट कित्ताकाट भएको भनी दावी लिए तापनि जग्गाधनी प्रतिवादी विष्णुप्रसाद रेग्मीको मि.नं. ३/०५९/०६० को मिसिलबाट आरोपदावी पुष्टि भएको नदेखिएको; २०५० सालमा कि.नं. ४९ को जग्गा नेपाल सरकारको नाममा कायम गर्दा कि.नं. ४९ बाट कित्ताकाट गरी कायम भएका कि.नं. ६०, ६१ र ६२ जग्गाको प्लट रजिष्टर बदर अमान्य गरिएको भन्ने पनि नदेखिएको र वादी पक्षले कित्ताकाट सम्बन्धी कार्य तथा नापनक्सा भई कायम गरिएको प्लट रजिष्टर समेतलाई समेटी आरोपदावी लिन सकेको नदेखिएको।<br>• **नलाङ ७/ङ, कि.नं. ११८, १२२, १२३, १२४, १२५ र १२७ को हकमा,** कि.नं. ४१ बदर भइसकेकोले नेपाल सरकारको नाममा कायम राखु पर्ने औचित्य नभई कायमी कित्ताको प्लट रजिष्टरमा केहीमा बुटेन, खर खोरिया लेखिएको हुँदा वन कार्यालयको सहमति प्राप्त गर्ने समेतको व्यहोराको भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६३/०५/२६ च.नं. ७९० को पत्रले नेपाल सरकारको नाममा | भएको देखिन्छ। जग्गाधनी प्रतिवादी विष्णुप्रसाद रेग्मीले मालपोत कार्यालय, धादिङ्गमा शुरु नापी भएको करिब २० वर्ष पछाडि मिति २०५३/१२/१९ मा निजको नाममा नापीनक्सा भएको कि.नं. ६० र कि.नं. ६१ का जग्गाको जग्गाधनी प्रमाणपूर्जा लिन बाँकी रहेको जग्गा दर्ता गरी प्रमाणपूर्जा पाउन भनी निवेदन दिएकोमा मालपोत कार्यालय, धादिङ्गबाट होमनाथ रेग्मी (प्रतिवादी विष्णुप्रसाद रेग्मीको बाबु) को नाममा कायम रहेको ७ नं. फाराम, १९९५ सालको ३ महले नापी मिचुल्का, २०२३/०२/२० को जोताहाको अस्थायी निस्सा, २०३४/०९/२३ मा तिरो तिरेको रसिद, सर्जमिन मुचुल्का समेतका प्रमाण आधार देखाई पेश भएका कागजातहरुको वास्तविकता पहिचान नगरी, पेश भएका कागजातमा उल्लिखित जग्गा अहिले दावी गरेको कि.नं. ६० र ६१ को जग्गाको साँध सिमाना क्षेत्रफल मिल्ने हो/होइन सो समेत एकिन नगरी बिसौं वर्ष अगाडिको कथित कागजातबाट एकिन हुन नसक्नेमा त्यस्ता कागजातलाई स्वीकारी, प्रतिवादी विष्णुप्रसाद रेग्मी वा निजका बाबु होमनाथ रेग्मीका नाममा उक्त स्थानमा जग्गा नापजाँच भए पश्चात अन्य जग्गाहरु दर्ता भएका छन् वा छैनन् भन्ने एकिन समेत नगरी महेश खोला जनिएको जग्गा मिति २०६८/१२/२९ मा प्रतिवादी विष्णुप्रसाद रेग्मीको नाममा कि.नं. ६० र कि.नं. ६१ का जग्गा दर्ता भएको देखिन्छ।<br>महेश खोलाको जग्गा दर्ता गर्ने क्रम त्यतिमा मात्र रोकिँदैन। उक्त साविक श्रेस्तामा कि.नं. ४९ महेश खोला जनिई उक्त जग्गा कित्ताकाट भई दुईवटा कित्ता व्यक्तिका नाममा दर्ता प्रक्रिया शुरु भएपछि बाँकी कि.नं. ६२ को जग्गा दर्ता गर्ने उपक्रम समेत शुरु हुन्छ। मिति २०५५/०९/१३ मा प्रतिवादी ध्रुवरत्न मानन्धरले मालपोत कार्यालयमा निजको हकभोग चलनमा रहेको कारण निजले नापजाँच गर्दा छुट भएको जग्गा नापी गराई दर्ता समेत गरी जग्गाधनी प्रमाणपूर्जा पाउन भनी निवेदन दिएको देखिन्छ। मिति २०६२/०२/१८ मा यिनै प्रतिवादीले तामेलीबाट जगाई गोगनपानी ६/ङ, कि.नं. ८६ को जग्गा दर्ता गरी पाउन भनी निवेदन दिएको देखिन्छ। मालपोत कार्यालयको मिति २०५६/०४/२५ र नापी शाखाको मिति २०५६/०८/०२ को आदेशानुसार कि.नं. ६२ बाट कि.नं. ८६ को जग्गा कायम भई प्लट रजिष्टर तयार भएको देखिन्छ। नापी कार्यालयको प्लट रजिष्टरमा मिति २०४१/१२/२५ को आदेशानुसार कि.नं. ४९ को जग्गालाई कि.नं. ६०, ६१ र ६२ कायम भई प्लट रजिष्टर र नक्सामा कायम भएको र नापी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कुलबहादुर मगर उपर बिगो रु. ७४,६७१.८८, प्रतिवादी पेमा बाङ्ग्याल लामा उपर बिगो रु. ६५,०९३.७५, प्रतिवादी प्रेमबहादुर तामाङ्ग उपर बिगो रु. ५२,७२,२६५.६३, प्रतिवादी अम्बिका सुवेदी उपर बिगो रु. ८,७५,०००.००, प्रतिवादी यदुकुमार रिजाल उपर बिगो रु. १,८६,५००.००, प्रतिवादी ईश्वरप्रसाद लम्साल उपर बिगो रु. ५४,१४,०६२.५०, प्रतिवादी राजकुमार सुवेदी उपर बिगो रु. १०,९९,६८७.५०, प्रतिवादी शिवलाल श्रेष्ठ उपर बिगो रु. ८,५१,७१८.७५, प्रतिवादी केदारप्रसाद सुवेदी उपर बिगो रु. ३,१२,५००.००, प्रतिवादी बद्रीप्रसाद सुवेदी उपर बिगो रु. १०,७८,१२५.००, प्रतिवादी ध्रुवरत्न मानन्धर उपर बिगो रु. ८४,७०,३१२.५०, प्रतिवादी रामबहादुर गुरुङ्ग उपर बिगो रु. ७४,६७१.८८, प्रतिवादी रामचन्द्र स्याङ्तान उपर बिगो रु. ८,८६,३०८.५९, प्रतिवादी धर्मजित तामाङ्ग उपर बिगो रु. ३७,५७०.३१, प्रतिवादी विष्णुप्रसाद रेग्मी उपर बिगो रु. १२,६२,१९५.३१, प्रतिवादी फडिन्द्रप्रसाद अर्याल उपर बिगो रु. १,००,९२,७७३.४४, प्रतिवादी कृष्णबहादुर सिलवाल उपर बिगो रु. ४९,२९,१९९.२२, प्रतिवादी होमबहादुर गन्द्रमा मगर उपर बिगो रु. २,२४,८७५.००, प्रतिवादी रेशमराज सिलवाल उपर बिगो रु. ६५,०९३.७५, प्रतिवादी सोमलाल कुमाल उपर बिगो रु. ८२,५००.००, प्रतिवादी ठकुरप्रसाद अधिकारी उपर बिगो रु. २०,१२,५००.००, प्रतिवादी मोहन कोइराला उपर बिगो रु. २,२१,२४,०००.००, प्रतिवादी नमराज कोइराला उपर बिगो रु. २,००,००,०००.००, प्रतिवादी रामहरि कोइराला उपर बिगो रु. २२,५०,०००.०० र प्रतिवादी प्रकाश कोइराला उपर बिगो रु. १,२०,००,०००.०० कायम गरी भ्रष्टाचार | रहेको कि.नं. ४१ को जग्गा जग्गाधनी प्रतिवादी फडिन्द्रप्रसाद अर्यालले दर्ता गरेको भन्ने आरोपदावी खण्डित गरिसकेको देखिँदा मिति २०६४/०१/२१ मा प्रतिवादीले दावीका जग्गा दर्ता गर्दाको अवस्थामा कि.नं. ४१ को अस्तित्व नै नरहेको तथा मालपोत कार्यालयको मिति २०४१/१२/३० को निर्णयबाट कि.नं. ४१ कित्ताकाट भई विभिन्न कित्ताहरु कायम भई केही कित्ता जग्गाहरु अन्य व्यक्तिका नाममा दर्ता समेत भइसकेको देखिँदा जग्गाधनी प्रतिवादी फडिन्द्रप्रसाद अर्यालले कि.नं. ४१ को नेपाल सरकारको नाममा दर्ता भएको जंगलको जग्गा दर्ता गरेको भन्ने आरोपदावी तथ्यपरक नदेखिएको।<br>• **पीडा २/ङ, कि.नं. २९४ को हकमा,** जग्गाधनी रामबहादुर राईलाई अभियोग मागदावी तालिकाको नं. ६२ मा अभियोग मागदावी लिएको भए तापनि आरोप पत्रको विरुद्ध खण्डको प्रतिवादी महलमा प्रतिवादी बनाएको नदेखिएको; मिति २०४२/०९/०४ मा दर्ता गरेको विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को कसुर गरेको भनी ऐन प्रारम्भ हुनु अघिको कसुरको विषयमा अन्य प्रतिवादीहरु उपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१), दफा ८(१)(ज), दफा ९ र दफा ११ बमोजिमको कसुर गरेको भन्ने निजहरुको हकमा मात्र वादी दावी खारेज हुने र कि.नं. २९४ को जग्गा नेपाल सरकारको नाममा कायम भएको कि.नं. २ जंगल कित्ताकाट गरी व्यक्तिको नाममा दर्ता गरिएको वादी दावी मिसिल संलग्न | कार्यालयको मिति २०५६/०८/०२ को आदेशानुसार कि.नं. ६२ पुनः कित्ताकाट भई कि.नं. ८६ प्रतिवादी ध्रुवरत्न मानन्धरको नाममा कायम भएको र कि.नं. ८७ बाँकी रहेको/खोला भनी जनिएको प्लट रजिष्टरबाट देखिन्छ। मिति २०६५/१०/२३ को निर्णयबाट मालपोत कार्यालयले नापी कार्यालयबाट पुनः फिल्ड सर्जमिन, फिल्ड प्रतिवेदन, नक्सा ट्रेस समेत पेश भएका प्रमाणहरु, दर्तावाला भिमबहादुर राईको २०३१ सालदेखि तिरो तिरेका रसिदहरु, मिति २०३२/११/०६ को घरसारको कागज समेतका आधारमा कि.नं. ८६ मध्ये पनि कि.नं. १२७ मा क्षे.फ. १०-९-२-३ र कि.नं. १२८ मा क्षे.फ. ३-८-०-३ का जग्गा मात्र प्रतिवादी ध्रुवरत्न मानन्धरले भोग चलन गरेकोले उक्त कित्ताहरु निजको नाममा दर्ता गरेको देखिन्छ।<br>यसरी बाँकी कि.नं. ६२ बाट कित्ताकाट गर्दै जग्गा दर्ता गर्दा समेत न त कागज प्रमाणको एकिन गरिन्छ न त दावी गरिएका जग्गा र पेश भएका कागजको साँध सिमाना क्षेत्रफल मिल्ने/नमिल्ने; प्रतिवादी ध्रुवरत्न मानन्धरका नाममा उक्त स्थानको जग्गा नापजाँच भए पश्चात अन्य जग्गा दर्ता भएका छन् वा छैनन् भन्ने एकिन नगरी खोला जनिएको जग्गा एक पछि अर्को दर्ता गरिन्छ। यस प्रकार, जिल्ला धादिङ्ग, गोगनपानी ६/ङ को कि.नं. ४९ को महेश खोला जनिएको जग्गालाई एक पछि अर्को पटक/पटक तहगत (Layering) रुपमा कित्ताकाट गरी जग्गा शुद्धीकरण गर्ने प्रक्रिया अन्तर्गत विभिन्न पटक कित्ताकाट गरी व्यक्तिको नाममा दर्ता गरिएको पाइन्छ।<br>मालपोत ऐन, २०३४ को दफा २(खर) मा सरकारी जग्गाको परिभाषा भित्र नेपाल सरकारको हक, स्वामित्व। नियन्त्रण वा अधीनमा रहेको वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला समेत समेटेको पाइन्छ। त्यसैगरी, जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ८१ मा निर्दिष्ट व्यवस्थाअनुसार नेपाल सरकारको नाममा दर्ता भएको जग्गा नेपाल सरकारको स्वीकृतिबाट वा अदालतको फैसलाबाट मात्र श्रेस्ता संशोधन हुने र मालपोत/नापी कार्यालयले दर्ता गर्न नसक्ने अवस्थामा नेपाल सरकारको नाममा दर्ता भएको महेश खोला व्यक्तिका नाममा दर्ता भएको निर्णय स्वतः गैरकानूनी र भ्रष्टाचारजन्य कसुर भएकोमा उक्त प्रक्रियामा संलग्न सम्बन्धित प्रत्यर्थी प्रतिवादीहरु अच्युतप्रसाद हुमागाईं, गोविन्दप्रसाद सापकोटा, भरत तामाङ्ग, यज्ञप्रसाद हुमागाईं, ओमकुमार बस्नेत, विष्णुप्रसाद रेग्मी, कुशध्वज खत्री, ध्रुवरत्न मानन्धर, देवराज शर्मा, रामकेशर कार्की, दिलिपकुमार अधिकारी, परशुराम अधिकारी र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम सजाय गरी पाउन आरोप मागदावी रहेको देखिन्छ। साथै, सरकारी/सार्वजनिक जग्गाहरु गैरकानूनी रुपमा व्यक्ति विशेषको नाममा कायम गरेको देखिएकोले उक्त जग्गाहरु मध्ये सरकारी/सार्वजनिक भएको हदसम्म व्यक्ति विशेषको नामको श्रेस्तापूर्जा खारेज गरी जग्गा जफत गरी सरकारी कायम गराई पाउन समेतको मागदावी रहेको देखिन्छ।<br>विशेष अदालतबाट आरोपदावी सम्बन्धी देहायका विषयहरुमा देहाय बमोजिम फैसला भएको अवस्था देखिन्छः<br>**१. छुट जग्गा दर्ताको सम्बन्धमाः**<br>गोगनपानी ६/ङ, कि.नं. ६० र ६१ को हकमा, प्रतिवादीहरु अच्युतप्रसाद हुमागाई, गोविन्दप्रसाद सापकोटा, भरत तामाङ्ग, यज्ञप्रसाद हुमागाईं, ओमकुमार बस्नेत, विष्णुप्रसाद रेग्मी र कुशध्वज खत्रीले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको; गोगनपानी ६/ङ, कि.नं. १२७ र १२८ को हकमा, प्रतिवादीहरु ध्रुवरत्न मानन्धर, देवराज शर्मा, रामकेशर कार्की, दिलिपकुमार अधिकारी, परशुराम अधिकारी र रविन्द्रनाथ ठाकुरले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको; नीलकण्ठ ९/घ, कि.नं. १६२ को हकमा, प्रतिवादीहरु नेत्रराज जोशी, रामकृष्ण खत्री, कृष्णप्रसाद सापकोटा, कुशध्वज खत्री, रविन्द्रनाथ ठाकुर, माधव कुइकेल, दिपककुमार सापकोटा, कुलबहादुर मगर, रामबहादुर गुरुङ्ग र बाबुराम अर्यालले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको; महादेवस्थान ६(च), कि.नं. १८, १९ र २० को हकमा, प्रतिवादीहरु | प्रमाणबाट पुष्टि नभएको देखिएको।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ मिति २०५९/०३/०५ मा लालमोहर लागेर लागू भएकोमा **छुट जग्गा दर्ताको सम्बन्धमा मैदी ४/ज, कि.नं. १ को हकमा,** ऐन बन्नुभन्दा अघि मिति २०५३/१२/२७ मा भएको कार्यलाई पछि बनेको कानुनले कसुर कायम गर्न मिल्ने नदेखिंदा प्रतिवादीहरु उपरको आरोपदावी खारेज हुने।<br>• **नालाङ्ग ६/द, कि.नं. १ को हकमा,** मिति २०४३/०१/१६ मा नक्सा ट्रेस गर्ने कर्मचारीहरुलाई प्रतिवादी नबनाएको अवस्था देखिएको।<br>• व्यक्तिको नाममा दर्ता रहेको जग्गा होस् वा सरकारको नाममा दर्ता रहेको जग्गा होस्, प्रमाणको आधारमा जग्गाको स्वामित्व यकिन गरी दर्ता सच्चिन सक्ने भन्ने मालपोत ऐन, २०३४ को मनसाय रहेको देखिएको।<br>• छुट जग्गा दर्ता गर्ने समेतका कार्य मालपोत कार्यालय, धादिङ्गको विभिन्न मितिको निर्णयबाट भएको तथ्य आरोपदावीमा नै स्वीकार गरिरहेको अवस्थामा सोसँग विरोधाभास हुने गरी कानुनको आधारमा गरिएको निर्णयको गलत अर्थ गरी मालपोत ऐन, २०३४ अन्तर्गतको कानुनी कर्तव्य र मालपोत नियमावली, २०३६ अन्तर्गतको कार्यविधि बमोजिम गरिएको निर्णयको विषयमा प्रतिवादीहरूले नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने बदनियतले लिखत तयार गरेको भनी सरकारी कागज किर्ते तर्फ दावी नभएको अवस्था र विषयवस्तुमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ | रविन्द्रनाथ ठाकुरलाई सफाई दिई भएको फैसला सो हदसम्म त्रुटीपूर्ण एवं बदर योग्य रहेको छ।<br>• **नीलकण्ठ ९/घ, कि.नं. १६२ को हकमाः** शुरू जग्गा नापी हुँदाका बखत नीलकण्ठ ९/घ को कि.नं. ६१ को जग्गा बुट्यान जनिएको थियो। मोही र जग्गाधनीको महल खाली थियो। प्रतिवादी रामबहादुर गुरुङ्गका बाबु डम्बरबहादुर गुरुङ्गले २०२१ सालमा भूमिसुधार कार्यालय, धादिङ्गमा पेश गरेको फाँटवारीको प्रतिलिपि, २०३५ सालमा तिरो तिरेको रसिद समेत संलग्न गरी नापी हुँदा नापी हुन छुट भएकोले नापी नक्सा गरी दर्ता गरी पाउन समेत व्यहोराको निवेदन मालपोत कार्यालय, धादिङ्गमा मिति २०४१/०५/२१ मा दिएको देखिन्छ। मालपोत कार्यालय, धादिङ्गको मिति २०४१/०८/१५ र नापी शाखा, धादिङ्ग को मिति २०४१/०८/१६ का पत्रहरुबाट कि.नं. ६१ कित्ताकाट भई कि.नं. १६२ को क्षे.फ. ४-१२-१-२ जग्गा डम्बरबहादुर गुरुङ्ग (जग्गाधनी प्रतिवादी रामबहादुर गुरुङ्गको बाबु) को नाममा नापनक्सा भई प्लट रजिष्टर तयार भएको र बाँकी जग्गा कि.नं. १६३ को क्षे.फ. १०८-५-०-३ कायम भई बाँकी रहेको देखिन्छ। कि.नं. ६१ को जग्गा बुटेन जनिई मिति २०५०/०८/२२ मा श्री ५ को सरकारको नाममा दर्ता श्रेस्ता कायम भएको देखिन्छ। तत्पश्चात निवेदकले मिति २०५६/१०/१० मा मालपोत कार्यालय, धादिङ्गमा पुनः दर्ताको निवेदन दिएकोमा मालपोत कार्यालय, धादिङ्गले कि.नं. ६१ को जग्गा श्री ५ को सरकारको नाममा अभिलेख अद्यावधिक गरी सकिएकोले मिसिल तामेलीमा बुझाई दिने भनी मिति २०५६/०५/१३ मा निर्णय गरेको देखिन्छ। उक्त निर्णय विरुद्ध प्रतिवादी रामबहादुर गुरुङ्गले पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेकोमा सम्मानित अदालतबाट मालपोत कार्यालय, धादिङ्गले मिति २०५६/०५/१३ मा तामेलीमा राख्ने गरी उरेको निर्णय बदर गरी प्रमाणको मूल्याङ्कन गरी जग्गा दर्ता गर्न मिल्ने/नमिल्ने सम्बन्धमा निर्णय गर्नु भनी मिति २०६०/०९/२९ मा फैसला भएको देखिन्छ। उक्त फैसला विरुद्ध मालपोत कार्यालय, धादिङ्गले सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा सम्मानित अदालतबाट पुनरावेदन अदालत, पाटनको फैसला सदर गरी मिति २०६४/०६/०४ मा फैसला भएको देखिन्छ। उक्त फैसला पश्चात प्रतिवादी रामबहादुर गुरुङ्गले तेस्रो पटक मिति २०६६/०९/२० मा मालपोत कार्यालय, धादिङ्गमा जग्गा दर्ताको निवेदन दिएकोमा यस पूर्व मालपोत कार्यालय धादिङ्गले पुनरावेदन अदालत, पाटनमा गरेको प्रतिवाद, सर्वोच्च अदालतमा गरेको पुनरावेदनको जिकिरलाई एकातर्फ पन्छाई सम्मानित सर्वोच्च |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जयबहादुर खड्का, रेवतीप्रसाद ढकाल, भरतसिंह ऐर, रामचन्द्र स्याङ्तान र धर्मजीत तामाङ्गले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको; नलाङ ७/ङ, कि.नं. ११८, १२२, १२३, १२४, १२५ र १२७ को हकमा, प्रतिवादीहरु पुष्कर निरौला, देवराज शर्मा, दिलिपकुमार अधिकारी, परशुराम अधिकारी, विश्वकुमार बस्नेत, भरतराज अधिकारी, फडिन्द्रप्रसाद अर्याल र भीमप्रसाद श्रेष्ठले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको; नलाङ ६/ख, कि.नं. १९४ को हकमा, प्रतिवादीहरु कृष्णबहादुर सिलवाल, मुकुन्दराज पाण्डे, रामकृष्ण खत्री, युवराज भट्टराई, दिपककुमार सापकोटा, रविन्द्रनाथ ठाकुर र कुशध्वज खत्रीले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको; पीडा २/ङ, कि.नं. २९४ को हकमा, प्रतिवादीहरु रविन्द्रनाथ ठाकुर, यज्ञप्रसाद हुमागाईं र बालगोपाल अधिकारीले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको; मैदी ४/ज, कि.नं. १ को हकमा, प्रतिवादीहरु होमबहादुर गन्द्रमा मगर, गोविन्दप्रसाद सापकोटा र यज्ञप्रसाद हुमागाईंले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको र नालाङ्ग ६/द, कि.नं. १ को हकमा, प्रतिवादीहरु मुकुन्दराज पाण्डे, रामकृष्ण खत्री, युवराज भट्टराई, रविन्द्रनाथ ठाकुर, यज्ञप्रसाद हुमागाईं, पेमा बङ्ग्याल लामा, बाबुराम अर्याल, दिपककुमार सापकोटा, रेशमराज सिलवाल र दिवाकर पाठकले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br>२. **जग्गाको भोग अनुसार नक्सा सुधारको सम्बन्धमाः** | तथा सरकारी कागजात गैरकानुनी तरिकाले अनाधिकार सच्चाएको केरमेट गरेको भनी ऐ. दफा ११ अन्तर्गतको दावी पुग्न नसक्ने।<br>२. **जग्गाको भोग अनुसार नक्सा सुधारको सम्बन्धमाः**<br>• मालपोत ऐन, २०३४ को दफा ८, जग्गा प्रशासन निर्देशिका, २०५८ र नापी शाखा एवं नापी गोश्वाराको कार्यविधि, २०६० का प्रावधानहरु विपरीत नापी विभागको सहमति वेगर नै बदनियतपूर्वक नेपाल सरकारको नाममा रहेको जग्गाको नापी र श्रेस्ता संशोधन गरेको देखिएको।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अन्तर्गत सार्वजनिक वा निजी क्षेत्रबाट राज्यकोषको रकमको दुरुपयोग नहोस् भन्ने विधायिकी मनसाय रहेको देखिन्छ। उक्त दफा ८ को उपदफा (४) को प्रयोजनको लागि आपराधिक कार्य भन्नाले नेपाल सरकार वा सार्वजनिक संस्थासँग गरिएको कबुलियत, सम्झौता, आदिको शर्त पालना नगर्नु, त्यस्तो संस्थाले निर्धारित गरेको शर्त उल्लंघन हुने गरी व्यवसाय गर्नु वा सरकारी सुविधाको दुरुपयोग गर्नु भन्ने रहेको पाइन्छ। बदनियत पनि दावीको कसुरसँग सम्बन्धित देखिनु पर्छ। उक्त दफा ८ को उपदफा (४) मा भ्रष्टाचार कसुरको आवश्यक तत्व "बदनियत" र "आपराधिक कार्य" तोकिदिएको अवस्थामा केवल "बदनियत" मात्र हेरी यस प्रावधानको परिधि विस्तार हुने गरी अवाञ्छित व्याख्या (absurd interpretation) गर्न नमिल्ने हुँदा प्रस्तुत मुद्दामा दावीको जग्गाको जग्गाधनी रहेका | अदालतबाट प्रमाणको मूल्याङ्कन गरी दर्ता गर्न मिल्ने, नमिल्ने सम्बन्धमा निर्णय गर्नु भन्ने आदेशलाई अनदेखा गरी उक्त जग्गामा धानबाली, मकैबाली लगाउँदै आएको भन्ने समेत व्यहोराको गाँउ सर्जमिन; जिल्ला वन कार्यालयबाट वन बुटेन नदेखिएको भन्ने समेत व्यहोराको पत्र; नापी कार्यालय बाट झिकाएइका फिल्ड प्रतिवेदन तथा फिल्ड नक्सा ट्रेस; मालपोत कार्यालय, धादिङ्गले पेश गरेको स्थलगत निरीक्षण प्रतिवेदन समेतका आधारमा मालपोत कार्यालय, धादिङ्गले मिति २०६८/१२/१६ मा कि.नं. १६२ को क्षेत्रफल ४-२-१-२ को जग्गा प्रतिवादी रामबहादुर गुरुङ्गको नाममा दर्ता गर्ने निर्णय गरेको देखिन्छ। उक्त निर्णय गर्दा समेत यस पुनरावेदनपत्रको माथि प्रकरण नं. ५(छ)(१) मा गल्लिखित आधारहरुको लेखाजोखा विश्लेषण नगरी उल्लिखित कानुनी आधार विपरीत निर्णय भइको अवस्था छ। मालपोत ऐन, २०३४ को दफा २(खर) बमोजिम बुट्यान सरकारी जग्गाको परिभाषा भित्र पर्दछ। जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ८१ मा छुट जग्गा दर्ता अन्तर्गत मालपोत ऐन, २०३४ को दफा २(खर) र दफा २(खइ) बमोजिम सरकारी तथा सर्वजनिक प्रकृतिका जग्गा सम्बन्धमा छुट जग्गा दर्ताको निवेदन नलिने र यस्ता जग्गाहरु कानुनतः दर्ता गर्न नमिल्ने भएकोले कुनै पनि हालतमा दर्ता नगरी त्यस्तो निवेदन खारेज गरिदिने तथा नेपाल सरकारको स्वीकृति भएपछि मात्र मालपोत कार्यालयले नेपाल सरकारको नाममा दर्ता भएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी दर्ता सच्याउन सक्ने भनी कानुनी प्रावधानहरु भएको पाइन्छ। सम्मानित सर्वोच्च अदालतबाट नरोत्तम राना वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत भएको उत्प्रेषणयुक्त परमादेश समेत मुद्दामा (ने.का.प. २०६६, अंक १२, नि.नं. ८२८०) *"सरकारी जग्गा रहे भएको स्पष्ट भएको अवस्थामा सरकारी जग्गामा भोग बसोवास गरेकै आधारमा मात्र सो जग्गा निजी हुन नसक्ने। जग्गाको प्रकृति पर्ति गौचर भनी फिल्डबुकमा उल्लेख भएको, पर्ति गौचर जग्गा सरकारी जग्गाको परिभाषामा समेटिएको, २०४४ सालमै दावीको जग्गा नेपाल सरकारको नाउँमा दर्ता भैसकेको अवस्थामा सोही जग्गालाई मिति २०५६/१०/२० मा निवेदकको नाममा दर्ता गर्ने निर्णय गर्दैमा मालपोत ऐन, २०३४ को दफा २४(१) र (२) बमोजिम सो निर्णय खम्बीर हुन नसक्ने स्वतः बदर हुने।"* भन्ने सिद्धान्त प्रतिपादन भएको आधारमा समेत प्रस्तुत जग्गा दर्ता समितिको सिफारिस र उक्त सिफारिसको आधारमा जग्गा दर्ता गर्ने निर्णय भ्रष्टाचारजन्य कार्य भएकोमा उक्त कार्यमा संलग्न प्रतिवादीहरु नेत्रराज जोशी, रामकृष्ण खत्री, कृष्णप्रसाद सापकोटा, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पिडा १/ग, कि.नं. ११९ को हकमा, प्रतिवादीहरु युवराज भट्टराई, दिपककुमार सापकोटा र रविन्द्रनाथ ठाकुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही दफा बमोजिम जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, साविक जंगल जनिएको कि.नं. २९ को सरकारी जंगलको क्षेत्र घुसाई नक्साको फेरबदल गरी प्रतिवादी प्रेमबहादुर तामाङ्गको जग्गाको क्षेत्रफल बढाएको देखिँदा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादी प्रेमबहादुर तामाङ्गको हकमा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा ३ (तीन) महिना कैद हुने ठहरी फैसला भएको र प्रतिवादी मुकुन्दराज पाण्डेले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br><br>मुरली भञ्याङ्ग ३/क, कि.नं. ७२३, ४८६, ४०४, २५४, ४५०, ४४३ र ४२१ को हकमा, प्रतिवादीहरु कुशध्वज खत्री, दिपककुमार सापकोटा, रविन्द्रनाथ ठाकुर र डिल्लीराम लावतीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको | प्रतिवादीहरु र नेपाल सरकारका बीच कुनै सम्झौता नरहेको तथा दावीको अन्तरवस्तु कुनै सम्झौता रहेको भन्ने नदेखिएको अवस्था हुँदा प्रतिवादी जग्गाधनीहरुले सो जग्गा दर्ता वा बढ कायम गर्ने आवेदन गरेको सबै विषयवस्तुमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अन्तर्गतको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा ८(१)(ज) को कसुरमा सोही ऐनको दफा २२ बमोजिम मतियार भई सोही ऐनको सोही दफाको प्रतिवन्धात्मक वाक्यांश बमोजिम यी प्रतिवादी जग्गाधनीहरुलाई सजाय हुने।<br>• **बिगोको हकमा,** साबिकमा जंगल जनिएको कि.नं. २९ को सरकारी जंगलको क्षेत्र घुसाई नक्साको फेरबदल गरी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल बढाएको देखिँदा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिएको।<br>• सहायक स्तरका राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल संशोधनको लागि मालपोत अधिकृत समक्ष टिप्पणी पेशसम्म गरेका, टिप्पणीमा राय व्यक्त समेत नगरेका हुँदा निजहरुले पदीय जिम्मेवारी र दायित्व बहन गर्ने क्रममा टिप्पणी उठाएकोसम्म देखिएको र निजहरुले क्षेत्रफल संशोधनमा कुनै निर्णय | कुशध्वज खत्री, रविन्द्रनाथ ठाकुर, माधव कुइकेल, दिपककुमार सापकोटा, कुलबहादुर मगर, रामबहादुर गुरुङ्ग र बाबुराम अर्याललाई सफाई दिई भएको फैसला त्रुटीपूर्ण एवं बदर योग्य रहेको छ।<br>• **महादेवस्थान ६/च, कि.नं. १८, १९ र २० को हकमाः** उक्त कि.नं. १८, १९ र २० का जग्गाहरु मिति २०३४/११/१९ मा नापी भएको देखिन्छ। नापी हुँदा, कि.नं. १८ को जग्गा जग्गाधनी मंगलबहादुर स्याङतान, कि.नं. १९ को जग्गा प्रतिवादी धर्मजीत तामाङ्ग र कि.नं. २० को जग्गा प्रतिवादी रामचन्द्र स्याङतानको नाममा नापी भई फिल्डबुक तयार भएको देखिन्छ भने प्रमाणको अभावमा निजहरुको नाममा दर्ता भएको भने देखिँदैन। उक्त जग्गा नापजाँचको बखत वनक्षेत्र भित्रको र जग्गा दर्ता हुने निर्णय भएको बखत सामुदायिक वन (सरकारी वन नै हो) भित्रको जग्गा हो। तीनै जना जग्गाधनीहरुका जग्गा नापजाँच भएको मितिभन्दा ३६ वर्ष पछाडि मिति २०७०/०५/२७ मा छुट्टाछुट्टै छुट जग्गा दर्ता गर्ने सम्बन्धी निवेदन परी मालपोत कार्यालय, धादिङ्गले मिति २०७०/०८/२८ मा जग्गाधनी प्रतिवादीहरुको लगत प्रमाण नभिड्ने साविकदेखि नै सामुदायिक वन गठन भई वन क्षेत्रकै रुपमा प्रयोग भइरहेका तत् कि.नं. का जग्गाहरु सम्बन्धित जग्गाधनी र जग्गाधनी प्रतिवादीहरुको नाममा दर्ता गर्ने निर्णय गरेको देखिन्छ।<br>उक्त जग्गा दर्ता गर्ने निर्णय एकातर्फ विवेचित आधार प्रमाणहरु र सम्बन्धित कानुनका आधारमा गैरकानुनी छ। अर्कातर्फ सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानुनी सिद्धान्तको विपरीत पनि छ। त्यसका अतिरिक्त सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित निम्न लिखित सिद्धान्तको समेत प्रतिकूल रहेको छः<br>▪ *"छुट जग्गा दर्ताको हदम्याद नाघेको कैयौं दशक पछि छुट दर्ताको नाममा निवेदन पर्‍यो भन्दैमा सो जग्गा दर्ता गर्नु पर्ने वा तेरो मेरोमा सुनाउनु पर्ने बाध्यता मालपोत कार्यालयलाई नरहने। फिल्डबुकमा कुनै नाम उल्लेख भयो भन्दैमा सो कुराले विवादित सम्पत्तिमा निवेदकको हक भई हाल्यो भन्न मिल्दैन।"* {नरोत्तम राना वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत, मुद्दाः उत्प्रेषणयुक्त परमादेश समेत (ने.का.प. २०६६, अंक १२, नि.नं. ८२८०)}<br>▪ *"सम्पत्तिको खोजी यथासमयमा गर्नु सम्पत्ति आफ्नो हो भन्ने दावी गर्नेको दायित्व हो। समयको लामो अन्तरालले छुट दर्ता गरिपाऊँ भन्ने दावीमा प्रतिकूल प्रभाव पार्दछ। जग्गा मिच्नेको १८ नं. र जग्गा पजनीको साविक २ वर्ष र २०३४।९।२७ को संशोधनपछिको थाहा पाएको ६* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुरमा सोही दफा बमोजिम जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, साविक जंगल जनिएको सरकारी जंगलको क्षेत्र घुसाई नक्साको फेरबदल गरी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल बढाएको देखिँदा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादीहरु अम्बिका सुवेदी, यदुकुमार रिजाल, ईश्वरप्रसाद लम्साल, राजकुमार सुवेदी, शिवलाल श्रेष्ठ, केदारप्रसाद सुवेदी र बद्रीप्रसाद सुवेदीको हकमा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा जनही ३ (तीन) महिना कैद हुने ठहरी फैसला भएको र प्रतिवादीहरु नेत्रराज जोशी, रामकृष्ण खत्री, पशुपतिनाथ दुवाडी र गुणनाथ नेपालले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br>**३. क्षेत्रफल संशोधनको सम्बन्धमाः**<br>निलकण्ठ ५/च, कि.नं. ५१५ र ५१६ को हकमा, प्रतिवादीहरु दिपककुमार सापकोटा र रविन्द्रनाथ ठाकुरले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br>मुरली भञ्ज्याङ्ग २/च, कि.नं. ९ र ११ को हकमा, प्रतिवादीहरु विश्वकुमार बस्नेत र | नगरेका तथा निज प्रतिवादीहरु निर्णय गर्न सक्ने पदीय हैसियतमा समेत नरहेको स्थितिमा निजहरुले बदनियत राखी व्यक्ति विशेषलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानि पुऱ्याउने कार्य गरेको नदेखिएको।<br>• **मुरली भञ्ज्याङ्ग ३/क, कि.नं. ७२३, ४८६, ४०४, २५४, ४५०, ४४३ र ४२१ को हकमा,** मालपोत कार्यालयले निर्णय गर्दा, अमरावती सामुदायिक वन उपभोक्ता समूहको सिफारिसलाई उल्लेख गरेको नदेखिएको र उक्त सिफारिसको आधारमा क्षेत्रफल संशोधन नभई नापी कार्यालयको फिल्ड प्रतिवेदन र फिल्ड नक्सा ट्रेस अनुसार क्षेत्रफल संशोधन गरेको देखिँदा उक्त सिफारिस गर्ने अमरावती सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष प्रतिवादी गुणनाथ नेपाल उपरको आरोपदावी पुष्टि नहुने।<br>**३. क्षेत्रफल संशोधनको सम्बन्धमाः**<br>• प्रतिवादीहरुले मालपोत ऐन, २०३४ को दफा ८ तथा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३७४, दफा ३८५ समेतले निर्दिष्ट गरेको प्रक्रिया पूरा नगरी ओहदाले पालना गर्नुपर्ने कानुनी प्रक्रिया पूरा नगरी सरकारी/सार्वजनिक जग्गा घुसाई व्यक्ति विशेषको जग्गामा असामान्य रुपमा क्षेत्रफल बढाई बदनियतपूर्वक व्यक्ति विशेषलाई लाभ र नेपाल सरकारलाई हानि पुऱ्याएको देखिएको।<br>• कानुन बमोजिम प्रक्रिया पूरा गरी क्षेत्रफल बढ कायम गरिएको भन्ने प्रतिवादीहरुको जिकिर समेत रहेको नदेखिएको।<br>• **निलकण्ठ ५/छ, कि.नं. ५१५ र ५१६ को हकमा,** जग्गाधनी विष्णुमाया श्रेष्ठलाई | *महिने हदम्यादसम्बन्धी व्यवस्था पनि छुट दर्ताका सम्बन्धमा विलकूलै असान्दर्भिक होइनन्। जग्गाको विषयमा दावी गर्न विधिकर्ताले थाहा पाएको ६ महिने सीमा अकारण राखेको होइन। देख्ने बुझ्ने र अनुभव गर्न सकिने कुरा सोही समयमा थाहा पाएको मान्नु पर्ने हुन्छ। थाहा पाएको मनोगत मितिलाई मान्यता दिन नमिल्ने। छुट दर्ताका लागि सरकारद्वारा तोकिने म्याद सार्वजनिक स्वरुप लिइसकेका सम्पत्ति व्यक्ति विशेषका नाममा दर्ता गरिदिने उद्देश्यले गरिने नभई व्यक्ति विशेषको भोगचलन हक स्वामित्वको संरक्षणका लागि हो। दशकौं दशक पछिसम्म छुट दर्ताको प्रक्रिया चालू राख्ने विधिकर्ताको मनसाय होइन। विधिकर्ताको यो सतर्कताले दर्ता छुट्नुको भरपर्दो औचित्यपूर्ण आधार दावीकर्ताले प्रस्तुत गरेपछि मात्र निजको सो जग्गामा भोगचलन स्थापित रहे नरहेको हेर्नुपर्ने।"* {शान्तदेवी मल्ल वि. मालपोत कार्यालय, चाबहिल समेत, मुद्दाः उत्प्रेषण (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१६०)}<br>उल्लिखित आधार प्रमाणहरुबाट प्रस्तुत वारदातमा संलग्न प्रतिवादीहरु जयबहादुर खड्का, रेवतीप्रसाद ढकाल, भरतसिंह ऐर, रामचन्द्र स्याङ्तान र धर्मजीत तामाङ्गलाई अभियोग मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिई भएको त्रुटिपूर्ण एवं बदरयोग्य रहेको छ।<br>• **नलाङ ७/ङ, कि.नं. १२२, १२३, १२४, १२५ र १२७ को हकमाः** साविक नापीमा जंगल जनिई फिल्डबुक कायम भई नेपाल सरकारको नाममा दर्ता भएको नलाङ ७/ङ को कि.नं. ४१ को जग्गा नापनक्सा नै नभएको नक्सा सिटको फ्रेम बाहिरको जंगल जनिएको सरकारी/सार्वजनिक जंगल क्षेत्रको जग्गा समेत मिसाई २०३८ सालमा कित्ताकाट गरी कि.नं. ११६, ११७, ११८, ११९, १२०, १२१, १२२, १२३, १२४, १२५, १२६, १२७, १२८, १२९, १३०, १३१ र १३२ गरी १७ कित्ताहरु कायम गरेको देखिन्छ। जसमध्ये कि.नं. ११६ अनबहादुर ढुंगाना, कि.नं. ११७ केशरीदत्त अर्याल र कि.नं. १२६ गितादत्त अर्यालका नाममा मिति २०४१/१२/३० को निर्णयले दर्ता भएको र कि.नं. ११८, १२२, १२३, १२४, १२५ र १२७ का जग्गाहरु मालपोत कार्यालय प्रमुखले निरीक्षण गर्दा कि.नं. १२२ मा ६ वटा घर, कि.नं. १२४ मा १ वटा घर, कि.नं. १२५ मा ११ वटा घर, कि.नं. १२७ मा ३ वटा घर, कि.नं. ११८ मा २ वटा घर, कि.नं. १२३ मा १ वटा घरबास रहेको भन्ने आधारमा मिति २०६४/०१/२१ मा प्रतिवादी फडिन्द्र प्रसाद अर्यालका नाममा जग्गा दर्ता गरियो। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कुशध्वज खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही दफा बमोजिम कसुरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, साविकको सरकारी जग्गा घुसाई नक्सा र श्रेस्ता फेरबदल गरी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल बढाएको देखिए मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादी मोहन कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा कसुरको मात्रा अनुसार ३ (तीन) महिना कैद हुने ठहरी फैसला र प्रतिवादी शम्भुनारायण राजभण्डारीले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br>मुरली भञ्याङ्ग २/च, कि.नं. १५ को हकमा, प्रतिवादीहरु विश्वकुमार बस्नेत र कुशध्वज खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही दफा बमोजिम कसुरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, साविकको सरकारी जग्गा घुसाई नक्सा र श्रेस्ता फेरबदल गरी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल बढाएको देखिए मालपोत ऐन, | प्रतिवादी बनाएको नदेखिएको; फायल नक्सा तयार गरी क्षेत्रफल बढ्ने गरी निर्णय गरेको सक्कल कागजात मिसिल वादी पक्षले दाखिल गरेको नदेखिएको र जग्गाधनी विष्णुमाया श्रेष्ठको नाममा मिति २०६८/०५/२० मा क्षेत्रफल बढी कायम हुने गरी गरेको निर्णय उपर मुगादेवी मगरले नापी कार्यालय समेतलाई विपक्षी बनाई धादिङ्ग जिल्ला अदालतमा ०७३-CP-००५६ को दुषित दर्ता बदर गरी पाउँ भन्ने फिराद दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको देखिँदा विचाराधीन रहेको विषयमा असर पर्ने गरी विशेष अदालतबाट अहिले नै निर्णय गर्न मिल्ने नदेखिएको।<br>• सहायक स्तरका राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरुले जग्गाको पारित लिखतमा सहीसम्म गरेका, नापी कार्यालयको लिखतमा कैफियत लेखी पठाएको आधारमा ट्रायल चेकबाट बढ क्षेत्रफल भनी टिप्पणी उठाई मालपोत अधिकृत समक्ष पेश गरेका तथा बढ क्षेत्रफल कायम गर्ने निर्णयकर्ता नभएका हुँदा लाए अह्रयाएको काम गर्ने कर्मचारीले बदनियत राखी व्यक्ति विशेषलाई लाभ र नेपाल सरकारलाई हानि पुऱ्याएको भन्ने आरोपदावी पुष्टि नहुने।<br>• **बिगोको हकमा,** मालपोत कार्यालयले मालपोत ऐन, २०३४ बमोजिम गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले दफा ३१ बमोजिम पुनरावेदन गर्न पाउने कानुनी उपचार रहे भएको, नेपाल सरकारको जग्गा व्यक्तिले दर्ता गरेमा ऐ. दफा २४ बमोजिम त्यस्तो दर्ता स्वतः बदर हुने देखिँदा त्यस्तो दर्ताको लगत कट्टा | त्यसपूर्व नै २०४९ सालमा कि.नं. ४१ ससिम नै नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम गरिएको थियो। यसरी २०३८ सालमा नै कि.नं. ४१ को जग्गा विभिन्न १७ वटा कित्तामा कित्ताकाट भइसकेको हुँदा मालपोत कार्यालय, धादिङ्गले विभाग मार्फत् निर्णय सच्याउन मन्त्रालमा लेखी पठाएकोमा मन्त्रालयले कि.नं. ४१ लाई ससिम नै नेपाल सरकारको नाममा राख्नुको औचित्य छैन भनी निर्णय गरेको थियो। सम्मानित विशेष अदालतबाट यस विषयमा वादी दावी नपुग्ने गरी फैसला गर्दा कि.नं. ४१ को जग्गाबाट फडिन्द्र प्रसाद अर्यालले जग्गा दर्ता गरेको भन्ने मागदावी नै झुठ्ठा हो किनकी कि.नं. ४१ कायम नै छैन भन्ने आधार लिइएको देखिन्छ। सार्वजनिक सम्पत्ति जसमा "Doctrine of Parens Patriae" को सिद्धान्त लागु हुन्छ। नापीका बखत स्पष्ट रुपमा कि.नं. ४१ को जग्गा जंगल जनिएकोमा विवाद छैन। उक्त जग्गाबाट नै अन्य सरकारी जंगल समेत मिसाई २०३८ सालमा १७ वटा कित्ताकाट भएको छ। उक्त १७ वटा कित्तामध्ये ६ वटा कित्ताको शुरु जंगल जनिएको सरकारी/सार्वजनिक जग्गा कब्जा गरी प्रतिवादी फडिन्द्र अर्यालले गोठ खडा गरेको सोही जग्गा पछि दर्ता गरे गराएको स्पष्ट देखिएको अवस्थामा सम्मानित विशेष अदालतबाट असान्दर्भिक प्राविधिक प्रश्न उल्लेख गरी विषयवस्तु भित्र नै प्रवेश नगरी हलुका किसिमबाट भएको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य छ। सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व राज्यको सबै अंग निकायमा हुने भन्ने कुरामा विवाद नै नरहेकोमा केवल असान्दर्भिक प्राविधिक विषय (कि.नं. ४१ कायम नै हुने) लाई उल्लेख गरी भएको फैसला न्यायीक, विवेकपूर्ण, तर्क संगत फैसला मान्न सक्ने अवस्था छैन। तसर्थ, प्रस्तुत सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गर्ने प्रक्रियामा संलग्न प्रत्यर्थी प्रतिवादीहरु पुष्कर निरौला, देवराज शर्मा, दिलिपकुमार अधिकारी, परशुराम अधिकारी, विश्वकुमार बस्नेत, भरतराज अधिकारी, फडिन्द्रप्रसाद अर्याल र भीमप्रसाद श्रेष्ठलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण एवं बदर योग्य रहेको छ।<br>• **नलाङ ६/ख, कि.नं. १९४ को हकमाः** नापीका बखत जंगल, भिर पर्ती जनिएको कि.नं. १६९ को जग्गा २०४३ सालमा कित्ताकाट गरी कि.नं. १९३, १९४ र १९५ कायम भएको देखिन्छ। त्यसमध्ये कि.नं. १९३ चन्द्र प्रसाद सिलवालको नाममा दर्ता भएको र सो सम्बन्धी विषय हालसम्म यस आयोगमा अनुसन्धानको क्रममा रहेको छ। कि.नं. १९४ को जग्गा दर्ता गरी पाँउ भन्ने प्रतिवादी कृष्णबहादुर सिलवालले मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादी प्रकाश कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा कसुरको मात्रा अनुसार ३ (तीन) महिना कैद हुने ठहरी फैसला भएको र प्रतिवादी अनन्तराज सत्यालले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br><br>मुरली भञ्याङ्ग २/च, कि.नं. २२ को हकमा, प्रतिवादीहरु मोहनजंग थापा र विश्वकुमार बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही दफा बमोजिम कसुरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, साविकको सरकारी जग्गा घुसाई नक्सा र श्रेस्ता फेरबदल गरी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल बढाएको देखिए मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो | मालपोत कार्यालयले गर्न सक्ने नै देखिएको, सरकारी जग्गा व्यक्तिले दर्ता गरेमा साविक मुलुकी ऐन, जग्गा आवाद गर्नेको महल तथा हालको मुलुकी देवानी संहिता, २०७४ को दफा ३०५ बमोजिम जहिलेसुकै पनि नालेश दिई बदर गराउन सकिने कानुनी व्यवस्था ऐ. दफा ३१३ मा रहे भएको अवस्थामा सो बमोजिम नेपाल सरकारले कानुनी उपचार खोज्न सक्ने नै देखिँदा बिगो हिनामिना नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिएको।<br>• प्रतिवादीहरुको नाम दर्ताको जग्गा खारेज गरी जग्गा जफत गरीपाउँ भन्ने वादी दावीको सन्दर्भमा, उक्त वादी दावी के-कुन कानुन अन्तर्गतको हो? दावीमा खुलाउन नसकी आरोपदावी नै अस्पष्ट रहेको तथा देवानी प्रकृतिको सो आरोपदावी हेर्ने क्षेत्राधिकार विशेष अदालतलाई रहेको नदेखिएको, बढ क्षेत्रफल स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था रहेकोले सो हदसम्मको आरोपदावी पुग्न नसक्ने।<br>• दावीको जग्गाको जग्गाधनी रहेका प्रतिवादीहरु र नेपाल सरकारका बीच कुनै सम्झौता नरहेको तथा दावीको अन्तरवस्तु कुनै सम्झौता रहेको भन्ने नदेखिएको अवस्था हुँदा प्रतिवादी जग्गाधनीहरुले सो जग्गा दर्ता वा बढ कायम गर्ने आवेदन गरेको सबै विषयवस्तुमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अन्तर्गतको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा ८(१)(ज) को | २०४३/०८/०९ मा निवेदन दिनु भएकोमा उक्त विषयलाई तत्समयमा तामेलीमा राखेको देखिन्छ। पुनः मिति २०५८/११/०८ मा अनुकूल समय पारी मिसिल जगाई कारवाही गरी पाउँ भन्ने निवेदन दिएको र त्यसको १० वर्ष पछाडि मिति २०६८/०२/२२ मा उक्त कि.नं. १९४ को क्षेत्रफल ३९-६-३-३ को जग्गा प्रतिवादी कृष्णबहादुर सिलवालका नाममा दर्ता भएको देखिन्छ। बाँकी कि.नं. १९५ को जग्गा बुट्यान भिरकै नाममा हाल पनि कायम रहेको पाइन्छ। उक्त कि.नं. १९४ को जग्गा कुन कानुन अनुसार व्यक्तिको नाममा दर्ता गरेको हो सो खुल्दैन, कानूनले त्यस्तो कार्य बर्जित गरेको छ। तिरो रसिद, ७ नं. जोताहा निस्सा, गा.वि.स.को सिफारिसको आधारमा दर्ता गर्दा नापीका बखत प्रतिवादी कृष्णबहादुर सिलवाल वा निजका एकाघर सगोलका अन्य व्यक्तिका नाममा उक्त स्थानकै जग्गा दर्ता भए/नभएको तिरो रसिद, ७ नं. जोताहा निस्सामा उल्लिखित जग्गा उक्त कि.नं. १९४ को जग्गाको चार किल्लासँग भिड्ने/नभिड्ने, उक्त कागजातहरुको आधिकारिकता व्यक्तिको हकभोग तिरोको जग्गा भए उक्त जग्गा नापीका बखत कसरी सरकारी जंगल भिर पर्ती हुन गयो सो को विश्वसनिय आधारको विश्लेषण नै नगरी जग्गा नापी भएको करिब ३४ वर्ष पछाडि अनाधिकृत जोतभोगबाट जग्गाको रुप परिवर्तन भएपछि सोही गैरकानुनी जोतभोगलाई आधार मानी गैरकानूनी रुपमा जग्गा दर्ता भएको स्पष्टतः देखिएको अवस्थामा सो प्रक्रियामा संलग्न प्रतिवादीहरु कृष्णबहादुर सिलवाल, मुकुन्दराज पाण्डे, रामकृष्ण खत्री, युवराज भट्टराई, दिपककुमार सापकोटा, रविन्द्रनाथ ठाकुर र कुशध्वज खत्रीलाई सफाई दिई भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण एवं बदर योग्य रहेको छ।<br>• **पिडा २/ङ, कि.नं. २९४ को हकमा:** नापीका बखत पिडा २/ङ को कि.नं. २ को क्षेत्रफल १८०-४-३-३ को जग्गा जंगल जनिई नाप नक्सा भएकोमा उक्त जग्गामा प्रतिवादी रामबहादुर राईले वन क्षेत्र फडान गरेको भनी उजुरी परी मिति २०३९/१२/३० मा एक सदस्यीय वन संरक्षण विशेष अदालत, त्रिशुलीबाट वन क्षेत्र फडान नगरेको भनी प्रतिवादी रामबहादुर राईलाई सफाई दिई फैसला भएको देखिन्छ। उक्त वन संरक्षण विशेष अदालत, त्रिशुलीको फैसलाको विषय वन क्षेत्र फडान गरे/नगरेको भन्ने भएकोमा उक्त फैसलाको गलत व्याख्या गरी उक्त कि.नं. २ को सरकारी जंगललाई कित्ताकाट गरी कि.नं. २९४ र २९५ कायम गरी कि.नं. २९४ को क्षेत्रफल १८-०-०-० को जग्गा रामबहादुर राईको नाममा दर्ता गरी बाँकी जग्गालाई कि.नं. २९५ मा जंगल नै कायम राखेको अवस्था छ। यसरी, फैसलाको गलत व्याख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादी नमराज कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा कसुरको मात्रा अनुसार ३ (तीन) महिना कैद हुने ठहरी फैसला भएको र प्रतिवादीहरु सत्यनारायण नेपाल, रामप्रसाद अधिकारी र नन्दुबहादुर खड्काले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br><br>मुरली भञ्याङ्ग २/घ, कि.नं. ३७६ को हकमा, प्रतिवादीहरु विश्वकुमार बस्नेत र कुशध्वज थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही दफा बमोजिम कसुरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, साविकको सरकारी जग्गा घुसाई नक्सा र श्रेस्ता फेरबदल गरी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल बढाएको देखिए मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादी रामहरी कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा २२ | कसुरमा सोही ऐनको दफा २२ बमोजिम मतियार भई सोही ऐनको सोही दफाको प्रतिवन्धात्मक वाक्यांश बमोजिम यी प्रतिवादी जग्गाधनीहरुलाई सजाय हुने।<br>• मालपोत कार्यालय, धादिङ्गको विभिन्न मितिको निर्णयबाट भएको तथ्य आरोपदावीमा नै स्वीकार गरिरहेको अवस्थामा सोसँग विरोधाभास हुने गरी कानुनको आधारमा गरिएको निर्णयको गलत अर्थ गरी मालपोत ऐन, २०३४ अन्तर्गतको कानुनी कर्तव्य र मालपोत नियमावली, २०३६ अन्तर्गतको कार्यविधि बमोजिम गरिएको निर्णयको विषयमा प्रतिवादीहरूले नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने बदनियतले लिखत तयार गरेको भनी सरकारी कागज किर्ते तर्फ दावी नभएको अवस्था र विषयवस्तुमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ तथा सरकारी कागजात गैरकानुनी तरिकाले अनाधिकार सच्चाएको केरमेट गरेको भनी ऐ. दफा ११ अन्तर्गतको दावी पुग्न नसक्ने। | गरी सरकारी जंगललाई व्यक्तिको नाममा दर्ता प्रक्रियामा संलग्न व्यक्तिहरुका विरुद्ध आरोपपत्र दायर भएकोमा सम्मानित विशेष अदालतबाट मृत्यु भइसकेका जग्गा दर्तावाला रामबहादुर राईलाई प्रतिवादी कायम गरिएन, वारदात भएको मितिमा लागु रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दावी नलिई भ्रष्टाचार निवारण ऐन, २०५९ को मागदावी लिइयो भन्ने आधार लिई प्रस्तुत जग्गा दर्ता प्रक्रियामा संलग्न प्रतिवादीहरु रविन्द्रनाथ ठाकुर, यज्ञप्रसाद हुमागाईं र बालगोपाल अधिकारीलाई सफाई दिई फैसला भएको अवस्था छ। प्रस्तुत फैसला निम्न लिखित आधार प्रमाणबाट त्रुटिपूर्ण एवं बदरयोग्य रहेको छः<br>▪ एक सदस्यीय वन संरक्षण विशेष अदालत, त्रिशुलीको वन फडानी नगरेको भन्ने फैसला रामबहादुर राईले सफाई पाउने आधार बन्न सक्दैन। वन फँडानी नगर्नु र राष्ट्रिय वनको भाग व्यक्तिका नाममा दर्ता हुनु बेग्ला-बेग्लै विषयहरु हुन्।<br>▪ जग्गा दर्तावाला रामबहादुर राईको मृत्यु भएको कारणले मात्र निजलाई प्रतिवादी कायम नगरिएको भन्ने देखिन्छ। तर, एक जना व्यक्तिको मृत्यु भएको कारण निजलाई प्रतिवादी कायम नगरिएको भन्ने कारणले मात्र प्रस्तुत विषयको सरकारी वन क्षेत्रको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने प्रक्रियामा संलग्न अन्य प्रतिवादीहरु रविन्द्रनाथ ठाकुर, यज्ञप्रसाद हुमागाईं र बालगोपाल अधिकारीलाई समेत सफाई दिने गैरकानूनी रुपमा सरकारी जग्गा दर्ताको कार्यलाई बदर नगर्ने गरी भएको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य रहेको छ।<br>▪ कुनै वारदात हुँदाका बखत कुनै कार्यलाई तत्काल प्रचलित कानूनले अपराधीकरण गरेको छ र उक्त कार्यलाई पछिल्लो बनेको कानूनले समेत अपराधीकरण गरी लगातार रुपमा अपराधीकरण गरेको छ भन्ने त्यस्तो वारदातका सम्बन्धमा पछिल्लो बनेको कानून अन्तरगत मागदावी लिनलाई भुतप्रभावी कानूनको सिद्धान्त आकर्षित भएको मान्न मिल्दैन भन्ने आसयको व्याख्या गर्दै प्रतिवादीहरुले कसुर गर्दाको अवस्थामा मानिसलाई विक्री गर्ने कार्यलाई कानूनले अपराध नमानेको वा पछाडि बनेको कानूनले अगाडि गरिएको कार्यलाई कसुर मानी साविकको कानूनमा भएको भन्दा बढी सजायको व्यवस्था गरेको भन्न मिल्ने अवस्था समेत रहेको देखिन नआएकोले जिउमास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अनुसार गरिएको सजायलाई Ex Post Facto Law मानी प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाई उक्त ऐन अनुसार गरिएको सजायलाई Ex Post Facto Law सम्बन्धी अवधारणा विपरित भएको मान्न मिल्ने देखिन नआउने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा कसुरको मात्रा अनुसार ३ (तीन) महिना कैद हुने ठहरी फैसला भएको र प्रतिवादी अनन्तराज सत्यालले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br><br>बैरनी ९/ख, कि.नं. १२३ को हकमा, प्रतिवादीहरु विश्वकुमार बस्नेत र मोहनजंग थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही दफा बमोजिम कसुरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, मालपोत कार्यालयले मालपोत ऐन, २०३४ बमोजिम गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले दफा ३१ बमोजिम पुनरावेदन गर्न पाउने कानुनी उपचार रहे भएको, नेपाल सरकारको जग्गा व्यक्तिले दर्ता गरेमा ऐ. दफा २४ बमोजिम त्यस्तो दर्ता स्वतः बदर हुने देखिँदा त्यस्तो दर्ताको लगत कट्टा मालपोत कार्यालयले गर्न सक्ने नै देखिएको, सरकारी जग्गा व्यक्तिले दर्ता गरेमा साविक मुलुकी ऐन, जग्गा आवाद गर्नेको महल तथा हालको मुलुकी देवानी संहिता, २०७४ को दफा ३०५ बमोजिम जहिलेसुकै पनि नालेश दिई बदर गराउन सकिने कानुनी व्यवस्था ऐ. दफा ३१३ मा रहे भएको अवस्थामा सो बमोजिम नेपाल सरकारले कानुनी उपचार खोज्न सक्ने नै देखिँदा बिगो हिनामिना नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादी ठाकुरप्रसाद अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई | | ▪ *"कानून बमोजिम कसुरदार ठहरेको अपराधीलाई साना तिना प्राविधिक कुराहरुका आधारमा निजले गरेको अपराधको अपराधिक दायित्वबाट निजलाई मुक्त (Exonerate) गर्दा अपराधी आफूले गरेको कानूनको सजायबाट बच्ने (Impunity) अवस्था तथा त्यसबाट समाजमा पर्ने सामाजिक असर समेतको दृष्टिकोणबाट त्यस्तो हुनलाई कानून सम्मत वा औचित्यपूर्ण मान्न नमिल्ने"* {उत्तम लामा वि. श्री ५ को सरकार, मुद्दाः जीउ मास्ने बेच्ने (ने.का.प. २०६१, अंक ९, नि.नं. ७४३२)} भन्ने व्याख्या भएको अवस्था छ।<br>▪ सरकारी जंगल व्यक्तिका नाममा दर्ता गर्ने कार्य सो दर्ता कायम रहँदासम्म जहिले सुकै थाहा पाए पनि स्वतः बदर हुने कार्य भएको हुँदा उक्त कार्य दर्ता गरेको अवस्थामा पनि गैरकानुनी अपराध रहेको र आरोपपत्र दायर गर्दाको अवस्थामा पनि लगातार गैरकानूनी कार्य भएकोले यो लगातार अपराध (Continuous Crime) भएको कार्य हो। तसर्थ, आरोपपत्र दायर भएको अवस्थामा पनि अपराध कायम नै रहेको कार्यलाई आरोपपत्र दायर भएको अवस्थाको कानून मात्र प्रयोग गरियो भन्ने आधारमा प्रतिवादीहरुलाई सफाई दिने र गैरकानूनी कार्य बदर गरी उक्त जग्गा जफत गरी सरकारी कायम नगर्ने फैसला त्रुटिपूर्ण र बदरयोग्य छ। सम्मानित सर्वोच्च अदालतबाट प्रमिला राई श्रेष्ठ वि. नेपाल सरकार भएको नक्कली शैक्षिक प्रमाणपत्र, भ्रष्टाचार मुद्दामा (ने.का.प. २०६८, अंक १०, नि.नं. ८६९७) समेत *"नक्कली प्रमाणपत्र पेश गरी त्यसबाट फाइदा वा सुविधा लिने व्यक्तिले सो फाइदा वा सुविधा लिइरहेसम्म र त्यस्तो फाइदा वा सुविधा नलिए पनि पेश गरेको सो नक्कली प्रमाणपत्रको अस्तित्व रहेसम्म नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित कसूर वारदातको निरन्तरता रही रहन्छ। त्यसकारण पनि यस्तोमा सीमित हदम्यादको कानूनी व्यवस्था प्रभावकारी हुन नसक्ने हुँदा वर्तमान भ्रष्टाचार निवारण कानूनमा हदम्यादको सीमित व्यवस्था नगरी खुल्ला हदम्याद राखिएको छ। तर,पहिलाको वारदातको सम्बन्धमा साविक ऐनअनुसार कारवाही गर्दा पनि अभियुक्तलाई प्रत्यक्ष फाइदा पुग्ने गरी वा ऐनको उद्देश्य नै पराजीत हुने गरी कानूनी प्रावधानको व्याख्या अदालतले नगर्ने।"* भन्ने सिद्धान्त प्रतिपादन भएको छ। प्रस्तुत मुद्दामा समेत यो सिद्धान्त स्पष्ट रुपमा आकर्षित हुने अवस्थामा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरेको जस्तो सार्वजनिक हक हित विरुद्धको कसुरमा सामान्य प्राविधिक कारणहरु देखाउँदै प्रस्तुत वारदातमा संलग्न प्रतिवादीहरु रविन्द्रनाथ ठकुर, यज्ञप्रसाद हुमागाईं र बालगोपाल अधिकारीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा कसुरको मात्रा अनुसार ३ (तीन) महिना कैद हुने ठहरी फैसला भएको र प्रतिवादीहरु कुलप्रसाद दाहाल, विजयकुमार वर्मा कट्टेल र रामप्रसाद अधिकारीले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ।<br><br>सांकोश ३/घ, कि.नं. १८०४ को हकमा, प्रतिवादीहरु कुशध्वज खत्री र विश्वकुमार बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा सोही दफा बमोजिम कसुरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद हुने र बिगोको हकमा, साविक जंगल जनिएको कि.नं. २९ को सरकारी जंगलको क्षेत्र घुसाई नक्साको फेरबदल गरी प्रतिवादी सोमलाल कुमालको जग्गाको क्षेत्रफल बढाएको देखिँदा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने ठहरी फैसला भएको; जग्गाधनी प्रतिवादी सोमलाल कुमाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको आरोपदावी आकर्षित हुने नभई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा कसुरको मात्रा अनुसार ३ (तीन) महिना कैद हुने ठहरी फैसला भएको र प्रतिवादी जयबहादुर खड्काले आरोपित कसुरबाट सफाई पाउने | | रहेको छ।<br>• **मैदी ४/ज, कि.नं. १ को हकमाः** जग्गा नापजाँचको समयमा नाँप जाँच नभएको चारै तर्फ जंगलले घेरिएको सरकारी जग्गा नाँप जाँच गरी दर्ता गरी पाउँ भनी प्रतिवादी होमबहादुर गन्द्रमा मगरले मिति २०३८/१२/०८ मा निवेदन दिएकोमा उक्त निवेदन असान्दर्भिक देखाई रहिरहेको अवस्थामा १५ वर्ष पछाडि मिति २०५३/१२/२७ का दिन उक्त जग्गा दर्ता गर्ने भन्ने निर्णय भएको छ। तत्कालिन अवस्थामा धादिङ्ग जिल्लामा फ्रि सिट पद्धतीमा नापी गरिएको थियो। उक्त पद्धतीमा नापी गर्दा जहाँ आवादी छ त्यहाँ मात्र नापी गरिन्छ। आवादी एरियाको नापी हुँदा छेउछाउ, दायाँ, बायाँ, बिचमा परेका सरकारी प्रकृतिका जग्गाहरु जंगल, बुट्यान, भिर, पहरा, खोला, आदिलाई पनि कित्ता नम्बर दिई नापी गरी सरकारी जग्गाको किसिम छुट्याइन्छ तर आवादी नम्बरी जग्गासँग नजोडिएका सिमा नरहेका जग्गाहरु सबै सरकारी जंगल, बुट्यान, भिर, पहरा, खोला हुने हुँदा उक्त जग्गाहरु नापिँदैन। तर, ग्रिड सिट पद्धतीको नापीमा सरकारी वन, जंगल, बुट्यान, भिर, पहरा, आवादी नम्बरी सबै जग्गाहरु सबै नापिन्छ। सबैमा कित्ता नम्बर दिइन्छ। फ्रि सिट पद्धती अन्तरगत तत्कालिन अवस्थामा नापी भएको धादिङ्ग जिल्लामा नापीका बखत नापी नै नभएको जग्गा नापी गरी पाउँ भनी २०३८ सालमा निवेदन दिएकोमा निवेदक प्रतिवादी होमबहादुर गन्द्रमा मगरको माग बमोजिमको जग्गा नापी गरी उक्त जग्गालाई कित्ता नं. १ उल्लेख गरी २०५३ सालमा दर्ता गर्ने कार्य भएको छ। नापीको समयमा नापी नभएका जग्गा बाहेकका जग्गाहरु स्वतः सरकारी जग्गाहरु भएको र प्रस्तुत कि.नं. १ कायम गरेको जग्गाको चारै तर्फ सरकारी जंगल नै रहेकोले चारैतर्फ सरकारी जंगलले घेरिएको स्थानमा व्यक्तिले जोत खन गर्‍यो, गोठ बनायो, घर बनायो भन्दैमा उक्त जग्गालाई व्यक्तिको नाममा दर्ता गर्ने कार्य प्रथम दृष्टिमै गैरकानूनी र बदर योग्य भएकोमा उक्त प्रक्रियासँग सम्बन्धित सम्पूर्ण प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण एवं बदर योग्य रहेको छ। विशेष अदालत, काठमाडौंबाट उक्त मैदी ४/ज, कि.नं. १ को क्षेत्रफल २८-१-३-० को जग्गा दर्तासँग सम्बन्धित प्रतिवादीहरु होमबहादुर गन्द्रमा मगर, गोविन्दप्रसाद सापकोटा र यज्ञप्रसाद हुमागाईंलाई सफाई दिँदा २०५३ सालमा भएको वारदातमा भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसारको अभियोग मागदावी लिएको भन्ने आधार लिइएको छ। उक्त निर्णयाधार माथि प्रकरण नं. ५(छ)(६) मा विवेचना गरे बमोजिम सम्मानित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ठहरी फैसला भएको देखिन्छ। | | सर्वोच्च अदालतबाट उत्तम लामा वि. श्री ५ को सरकार (ने.का.प. २०६१, अंक ९, नि.नं. ७४३२) मुद्दामा प्रतिवादीले कसुर गर्दाको अवस्थामा कानूनले अपराध भनेको र पछाडि बनेको कानूनले सो अगाडि गरेको कार्यलाई कासुर नै मानी साबिक कानूनमा भएको भन्दा बढी सजायको व्यवस्था नगरेको स्थीतिमा पछिल्लो कानून अनुसार भएको अभियोग मागदावीलाई Ex-post facto law सम्बन्धी अवधारणा विपरित भएको मान्न मिल्ने नदेखिने भनी प्रतिपादित सिद्धान्तको विपरीत रहेको छ।<br>त्यसैगरी, उक्त फैसला माथि प्रकरण नं. ५(छ)(६) मा विवेचना भएको लगातार अपराध (Continuous Crime) को वारदातको अवस्था र प्रमिला राई श्रेष्ठ वि. नेपाल सरकार, मुद्दाः नक्कली शैक्षिक प्रमाणपत्र, भ्रष्टाचार (ने.का.प. २०६८, अंक १०, नि.नं. ८६९७) को सिद्धान्त समेतको आधारमा त्रुटिपूर्ण रहेको छ।<br><br>अतः सरकारी/सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेको जस्तो राज्य नै अभिभावक भई हेर्नु पर्ने विषयमा मुद्दाको तथ्यभित्र प्रवेश नै नगरी हलुका रुपमा वारदात भएको समयको कानून बमोजिमको अभियोग मागदावी नरहेको भनी उक्त मैदी ४/ज, कि.नं. १ भनी नापी गराई व्यक्तिको नाममा जग्गा दर्ता गर्ने प्रक्रियामा संलग्न प्रतिवादीहरु होमबहादुर गन्द्रमा मगर, गोविन्दप्रसाद सापकोटा र यज्ञप्रसाद हुमागाईंलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले उक्त फैसला बदर गरी उल्लिखित प्रत्यर्थी प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाउँ।<br>• **नालाङ्ग ६/द, कि.नं. १ को हकमाः** नालाङ्ग गा.वि.स. को जग्गा नाप जाँच हुँदा फ्रि सिट पद्धती अन्तरगत जग्गा नापी भएको उक्त नापीको समयमा वन, जंगल भएको, वरीपरी साँध सिमानामा कतै पनि आवादी नम्बरी जग्गा नरहेको, नापी समेत नभएको जग्गा नाँप जाँच गरी पाउँ भनी प्रतिवादी रेशमराज सिलवालले निवेदन दिएको देखिन्छ। नापीको समयमा नापजाँच नै नभएको सरकारी जंगल व्यक्तिको नाममा नापजाँच हुने अवस्था नै विद्यमान नदेखिँदा तत्समयमा निवेदन तामेलीमा राखेको देखिन्छ। मिति २०५४/१०/२८ मा निज प्रतिवादी रेशमराज सिलवालले तामेलीबाट निवेदन जगाई पाउँ भनी निवेदन दिएको र जग्गा नापी भएको झण्डै ३३/३४ वर्ष पछाडि, शुरु निवेदन दिएको २५ वर्ष पछाडि तामेली जगाई पाउँ भनी निवेदन दिएको १४ वर्ष पछाडि साबिक लगत, २०४१ सालको प्लट रजिष्टर नक्सा, स्थलगत सर्जमीन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समेतको आधार उल्लेख गरी शुरु नापी भएको समयमा नापी नै नभएको साविकको वन, जंगल क्षेत्रको जग्गा ३३/३४ वर्षमा वन, जंगल खनजोत, आवादी गरेको आधारमा साविकको लगत प्लट रजिष्टरको जग्गा यही दावीको जग्गा हो/होइन भनी एकिन नगरी नापीको समय पश्चात उक्त नालाङ्ग गा.वि.स. वडा नं. ७ वा उक्त गा.वि.स.मा प्रतिवादी रेशमराज सिलवाल वा निजका एकाघर सगोलका परिवारको अन्य सदस्यका नाममा कुनै जग्गा दर्ता भयो वा भएन, उक्त जग्गा प्रस्तुत नालाङ्ग ६/द, कि.नं. १ को जग्गा दर्ता गर्ने आधारसँग कुनै नाता सम्बन्ध सरोकार पो छ की सो समेत नहेरी विश्लेषण नै नगरी भएको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य रहेको छ। साथै, उक्त फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित *"सरकारी जग्गा रहे भएको स्पष्ट भएको अवस्थामा सरकारी जग्गामा भोग बसोबास गरेकै आधारमा मात्र सो जग्गा निजी हुन नसक्ने"* भन्ने सिद्धान्त (नरोत्तम राना वि. नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत, मुद्दाः उत्प्रेषणयुक्त परमादेश समेत, ने.का.प. २०६६, अंक १२, नि.नं. ८२८०) समेतको आधारमा त्रुटिपूर्ण एवं बदरयोग्य रहेको छ।<br>तसर्थ, उल्लिखित आधार प्रमाणबाट नालाङ्ग ६/द, कि.नं. १ को जग्गा दर्ता प्रक्रियामा संलग्न प्रतिवादीहरु मुकुन्दराज पाण्डे, रामकृष्ण खत्री, युवराज भट्टराई, रविन्द्रनाथ ठाकुर, यज्ञप्रसाद हुमागाईं, पेमा बङ्ग्याल लामा, बाबुराम अर्याल, दिपककुमार सापकोटा, रेशमराज सिलवाल र दिवाकर पाठकलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर गरी प्रत्यर्थी प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय गरी पाउँ।<br>❖ **जग्गाको भोग अनुसार नक्सा सुधार र क्षेत्रफल संशोधनको सम्बन्धमाः**<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) मा कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानुनी लाभ वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानुनी रुपमा आफ्नो वा अरुको नाममा दर्ता, भोग चलन गर्ने गराउने काम गरेमा सजाय हुने; दफा ९ मा कुनै लिखत तयार गर्ने कर्तव्य भएको कुनै राष्ट्रसेवकले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानी पुऱ्याउने बदनियतले त्यस्तो कुनै लिखत तयार गरेमा निजलाई सजाय हुने र दफा ११ मा सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्रसेवक वा अन्य व्यक्तिलाई सजाय हुने भनी कानुनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्था भएको पाइन्छ। प्रस्तुत मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०५९ ले दफा ८, दफा ९ र दफा ११ मा पृथक-पृथक कार्यहरुलाई स्पष्ट रुपमा पृथक-पृथक भ्रष्टाचारको कसुरको परिभाषा गरी सजाय समेतको व्यवस्था गरेको देखिँदा नक्सा सुधार गर्ने र क्षेत्रफल संशोधन गर्ने समेतका कार्य मालपोत कार्यालय, धादिङ्गको विभिन्न मितिको निर्णयबाट भएको तथ्य आरोपदावीमा नै स्वीकार गरिरहेको अवस्थामा सोसँग विरोधाभास हुने गरी पृथक-पृथक दफामा रहेको पृथक-पृथक दावी लिई कानुनको आधारमा दायर भएको आरोपपत्रको गलत अर्थ गरी मालपोत ऐन, २०३४ अन्तर्गतको कानुनी कर्तव्य र मालपोत नियमावली, २०३६ अन्तर्गतको कार्यविधि बमोजिम गरिएको निर्णयको विषयमा प्रतिवादीहरूले नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने बदनियतले लिखत तयार गरेको भनी सरकारी कागज किर्ते तर्फ दावी नभएको अवस्था र विषयवस्तुमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ तथा सरकारी कागजात गैरकानुनी तरिकाले अनाधिकार सच्चाएको केरमेट गरेको भनी ऐ. दफा ११ अन्तर्गतको दावी पुग्न नसक्ने भनी भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>प्रस्तुत वारदातहरुमा गलत लिखत तयार गर्ने कार्य र सरकारी कागज सच्याउने कार्य पुष्टि भइसकेपछि विशेष अदालतलाई क्षेत्राधिकार नै नभएको सरकारी कागज किर्ते तर्फ दावी नभएको भन्ने असम्बद्ध आधार उल्लेख गरी कसुर ठहर भएका प्रतिवादीहरु युवराज भट्टराई, दिपककुमार सापकोटा, रविन्द्रनाथ ठाकुर, प्रमबहादुर तामाङ्ग, कुशध्वज खत्री, डिल्लीराम लावती, अम्बिका सुवेदी, यदुकुमार रिजाल, ईश्वरप्रसाद लम्साल, राजकुमार सुवेदी, शिवलाल श्रेष्ठ, केदारप्रसाद सुवेदी, बद्रीप्रसाद सुवेदी, विश्वकुमार बस्नेत, मोहन कोइराला, प्रकाश कोइराला, मोहनजंग थापा, नमराज कोइराला, रामहरी कोइराला, ठाकुरप्रसाद अधिकारी र सोमलाल कुमाललाई पनि दफा ९ र दफा ११ बमोजिमको कसुरबाट उन्मुक्ति दिई भएको फैसला प्रथम दृष्टि मै त्रुटिपूर्ण रहेको छ।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) मा कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानुनी लाभ वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानुनी रुपमा आफ्नो वा अरुको नाममा दर्ता, भोग चलन गर्ने गराउने काम गरेमा कैद र बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर गरिनेछ भनी स्पष्ट सजायको प्रावधान भएको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा ठहर भएको, बिगो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | खुलेको र सजायको स्पष्ट कानुनी व्यवस्था देखिँदा देखिँदै जबर्जस्ती रुपमा स्पष्ट कानुनको अपव्याख्या गर्दै जग्गाको भोग अनुसार नक्सा सुधार र क्षेत्रफल संशोधनको सम्बन्धमा **बिगोको हकमा,** साविकको सरकारी जग्गा घुसाई नक्सा र श्रेस्ता फेरबदल गरी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल बढाएको देखिए मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम त्यस्तो बढ क्षेत्रफल कायम गरेको हदसम्मको दर्ता स्वतः बदर भई व्यक्तिको दर्ताको लगत कट्टा हुने कानुनी व्यवस्था भएबाट र सो बमोजिम सम्बन्धित मालपोत कार्यालयले गर्न सक्ने नै हुँदा बिगो हिनामिना नै नभएको स्थितिमा प्रतिवादीहरूलाई न्यायको रोहमा बिगो बमोजिम जरिवाना गर्न मनासिब नदेखिने  भनी स्पष्ट कानुनी व्यवस्थाको प्रतिकूल रहेको र बेमनासिब आधार लिई भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ।<br>तसर्थ, कसुर ठहर भएका प्रतिवादीहरु युवराज भट्टराई, दिपककुमार सापकोटा, रविन्द्रनाथ ठाकुर, प्रमबहादुर तामाङ्ग, कुशध्वज खत्री, डिल्लीराम लावती, अम्बिका सुवेदी, यदुकुमार रिजाल, ईश्वरप्रसाद लम्साल, राजकुमार सुवेदी, शिवलाल श्रेष्ठ, केदारप्रसाद सुवेदी, बद्रीप्रसाद सुवेदी, विश्वकुमार बस्नेत, मोहन कोइराला, प्रकाश कोइराला, मोहनजंग थापा, नमराज कोइराला, रामहरी कोइराला, ठाकुरप्रसाद अधिकारी र सोमलाल कुमाललाई आरोपपत्रमा माग गरिए अनुसारको जरिवाना समेत गरी पाँउ।<br>• सरकारी/सार्वजनिक जग्गा गैरकानुनी रुपमा कित्ताकाट गरी घुसाई व्यक्ति विशेषको नाममा छुट जग्गा दर्ता गर्ने, भोग अनुसार गैरकानुनी रुपमा नक्सा सुधार गर्ने तथा जग्गाको क्षेत्रफल संशोधन गर्ने निर्णय प्रक्रियामा जग्गा क्षेत्रफल आधार कारण समेत खुलाई शुरु तह टिप्पणी उठान कार्यदेखि नै संलग्न रहेको तथ्य विवाद रहित छ। सहायक स्तरका राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरु समेतको बदनियत निजहरुले गरेको आपराधिक कार्यबाट पुष्टि हुने विषय हो। विषयवस्तुको उठान नै टिप्पणीबाट शुरु हुन्छ। निजहरुले बयानमा कार्यालय प्रमुख वा अधिकृतले जबर्जस्ती बाध्य पारी काम गराएको हो भन्न सकेको अवस्था छैन। वन क्षेत्रको जग्गा नक्सा सुधार वा क्षेत्रफल संशोधनको नाममा व्यक्तिको दर्ता हकभोगको जग्गामा घुसाई क्षेत्रफल बढाउन हुन्न भन्ने एउटा सामान्य समझको मानिसलाई थाहा हुन्छ भने सहायक स्तरका राष्ट्रसेवकलाई थाहा नहुने भन्ने कल्पनासम्म गर्न सकिन्न। तसर्थ, प्रस्तुत मुद्दामा सहायक स्तरका राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरुले जग्गाको क्षेत्रफल संशोधनको लागि मालपोत अधिकृत समक्ष टिप्पणी पेशसम्म गरेका, टिप्पणीमा राय व्यक्त समेत नगरेका हुँदा निजहरुले पदीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जिम्मेवारी र दायित्व बहन गर्ने क्रममा टिप्पणी उठाएकोसम्म देखिएको र निजहरुले क्षेत्रफल संशोधनमा कुनै निर्णय नगरेका तथा निज प्रतिवादीहरु निर्णय गर्न सक्ने पदीय हैसियतमा समेत नरहेको स्थितिमा निजहरुले बदनियत राखी व्यक्ति विशेषलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानि पुऱ्याउने कार्य गरेको नदेखिएको आधार लिई निजहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>तसर्थ, ठहर भएको वारदातमा संलग्न सहायक कर्मचारी प्रतिवादीहरु मुकुन्दराज पाण्डे, नेत्रराज जोशी, रामकृष्ण खत्री, शम्भु नारायण राजभण्डारी, अनन्तराज सत्याल, सत्यनारायण नेपाल, रामप्रसाद अधिकारी, नन्दुबहादुर खड्का, कुलप्रसाद दाहाल, विजयकुमार वर्मा कट्टेल र जयबहादुर खड्कालाई समेत आरोप मागदावी बमोजिम सजाय गरी पाँउ।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) मा स्पष्ट रुपमा "सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानुनी रुपमा आफ्नो वा अरुको नाममा दर्ता भोग चलन गर्ने गराउने" कार्यलाई अपराधीकरण गरेको छ। ऐ. ऐनको दफा ८(१) मा सजायको सम्बन्धमा "बिगो खुलेकोमा बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर गरिने" भन्ने व्यवस्था छ। प्रस्तुत मुद्दामा प्रत्येक वारदातमा बिगो खुलेको अवस्था छ। प्रस्तुत मुद्दाको वारदातमा बिगो असुल उपर गरिने विषय भनेको व्यक्तिका नाम दर्ताको जग्गामा घुसाएको सरकारी जग्गा साविकको अवस्थामा नेपाल सरकारको नाममा कायम गराउनु नै हो। प्रस्तुत आरोपपत्रको मूल मागदावीको विषय नै यो हो। कानुनमा द्विविधा नै छैन। सार्वजनिक सम्पत्तिको संरक्षण राज्यका सबै निकायले गर्नु पर्ने दायित्व रहन्छ। तसर्थ, सरकारी जग्गा साविकको अवस्थामा नेपाल सरकारको नाममा कायम नगराई भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले कसुर ठहर भएको वारदातको सरकारी जग्गा साविकको अवस्थामा नेपाल सरकारको नाममा कायम गर्ने फैसला गरी पाँउ।<br>• साबिक श्रेस्ता निलकण्ठ गा.वि.स. वडा नं. ५/च, कि.नं. ५१५ र ५१६ को जग्गाका सम्बन्धमा मिति २०६८/०५/२० को नापी कार्यालयको निर्णय ठिक बेठिकको सम्बन्धमा जिल्ला अदालतमा मुद्दा चलिरहेकोले साधारण क्षेत्राधिकार अन्तरगत त्यहींबाट निर्णय हुने नै हुँदा सो विषयमा प्रतिवादीहरु दिपक कुमार सापकोटा र रविन्द्रनाथ ठाकुर उपरको आरोपदावी पुग्न नसक्ने भनी भएको फैसला त्रुटिपूर्ण रहेको छ। विशेष अदालतमा दायर भएको मुद्दा फौजदारी प्रकृतिको साधारण क्षेत्राधिकार अन्तरगत कै मुद्दा हो। जिल्ला अदालतको मुद्दा देवानी प्रकृतिको मुद्दा हो। यी बेग्ला-बेग्लै प्रकृतिका मुद्दामा आफू समक्ष आएको विषयवस्तुमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ठहर्छ वा ठहर्दैन, क्षेत्राधिकार पर्दैन वा हदम्याद हकदैया छैन वा उक्त विषयमा अर्को अदालतको फैसला नभएसम्म यस अदालतबाट फैसला गर्न उपयुक्त हुने नदेखिँदा मुलतवीमा रहन्छ भन्ने विषय बाहेक जिल्ला अदालतको साधारण क्षेत्राधिकारबाट फैसला हुन्छ भनी तथ्यभित्र प्रवेश नै नगरी कसुर नठहर्ने भनी भएको फैसला त्रुटिपूर्ण छ।<br>जग्गाधनी प्रतिवादीहरुले सरकारी/सार्वजनिक जग्गा घुसाई नक्सा श्रेस्ता सच्याउन लगाई क्षेत्रफल बढाई, नेपाल सरकारको नाममा कायम रहेको जग्गा कित्ताकाट गरी गराई, आफ्नो लगत प्रमाण नभिड्ने, साविकदेखि सामुदायिक वन क्षेत्रकै रुपमा प्रयोग भइरहेको जग्गाको छुट दर्ता गरी गराई नक्सा सुधार गरी गराई प्रचलित कानुनद्वारा निषेधित तवरबाट व्यवसाय गरी गैरकानुनी रुपमा सरकारी/सार्वजनिक जग्गा आफ्नो नाममा कायम गरी लिएको तथ्यमा विवाद रहेको देखिँदैन। यस्तो अवस्थामा यी प्रतिवादीहरु उपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को सट्टा सोही ऐनको दफा ८(१)(ज) को कसुरमा सोही ऐनको दफा २२ बमोजिम मतियार भई सोही ऐनको सोही दफाको प्रतिवन्धात्मक वाक्यांश बमोजिम यी प्रतिवादी जग्गाधनीहरुलाई सजाय हुने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिन्छ। |